# मानेभन्ज्याङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## मानेभन्ज्याङ,ओखलढुङ्गा
## (कृषि विकास शाखा)

पत्र संख्याः२०८१।०८२ कोशी प्रदेश,नेपाल

चलानी नम्बरः मितिः२०८१।०५।३१

### नयाँ आलु पकेट विकास कार्यक्रम संचालन माग सम्वन्धि सूचना

मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चालु आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत संघीय सरकारबाट हस्यान्तरित सर्शत अनुदान आ.व. २०८१।०८२ मा नयाँ आलु पकेट विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३, ७, ८ र ९ भित्रका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन मितिले १५ औं दिनभित्र (मिति २०८१।०६।१४ गते) यस कार्यालयमा तोकिएको ढाचाँ अनुसार आवेदन पेश गर्नुहुन सम्वन्धित सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बाली/बस्तु | आवश्यक न्यूनतम क्षेत्रफल(हेक्टर) | प्रस्तावित पकेट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आलु | ७ (१४० रोपनी) | १ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार संचालन हुने |

आवेदकका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. अनुसूची–६ बमोजिम पकेट स्थापनाका लागि दिईने निवेदन,

२. संस्था / फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि र स्थाई लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,

३. संस्था / फर्मको करचुक्ता प्रमाण–पत्र र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७को अनुसूची ७ र १० को फारम/ढाँचा/नमूना बमोजिम पूर्ण रुपमा भरेको विवरण,

५. कार्यक्रम संचालन / उपभोग गर्ने स्थानका कृषकहरुको जग्गा/जमिनको स्वामित्व खुल्ले कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा तथा सम्पत्ति कर /भूमिकरको प्रतिलिपि,

६. निवदक -कार्यक्रम संचालन तथा उपभोग गर्ने कृषकहरु) को नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि,

७. समूह/संस्थाको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि,

८. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

सन्तोष थापा
कृषि शाखा प्रमुख

सुनिल तामाङ
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner